सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक २९८ ♦ २०८३ साल असार ३१ बुधवार ♦ 15 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु

**खबर दर्पण समाचारदाता**

**असार ३० गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगरपालिका-८ स्थित बर्दिबास-जलेश्वर सडकखण्डको मेवाटोल नजिक मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ।

प्रहरीका अनुसार सोमबार साँझ औरहीबाट बर्दिबासतर्फ आउँदै गरेको ज ८ प ५२८५ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा बर्दिबास नगरपालिका-८ हातिलेट निवासी ५० वर्षीय टिकबहादुर आले गम्भीर घाइते हुनुभएको थियो। टाउको र बायाँ खुट्टामा गम्भीर चोट लागेका आलेलाई तत्काल बर्दिबासस्थित शुभ स्वास्तिक अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा राति करिब १० बजे चिकित्सकले उहाँलाई मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक ९डीएसपी० गुरुप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो।

दुर्घटनामा मोटरसाइकल चालक बर्दिबास नगरपालिका-१ नमुना बस्ती, अधिकारी टोल निवासी ४६ वर्षीय नारायण श्रेष्ठ पनि गम्भीर घाइते हुनुभएको छ। टाउको तथा शरीरका विभिन्न भागमा चोट लागेका उहाँको जनकपुरस्थित न्युरो अस्पतालमा उपचार भइरहेको बर्दिबास प्रहरीले जनाएको छ।

दुर्घटनालगत्तै इलाका प्रहरी कार्यालय हातिलेटबाट खटिएको प्रहरी टोलीले मोटरसाइकल नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी तिमल्सिनाले बताउनुभयो।

## बार्दिवासमा अज्ञात पुरुषको शव फेला

**खबर दर्पण समाचारदाता**

**असार ३० गते, बर्दिवास**

महोत्तरीको बार्दिवास नगर पालिका-५ स्थित डुंग्रे साझेदारी वन क्षेत्रमा एक अज्ञात पुरुषको शव फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार शुक्रबार दिउँसो करिब २:३५ बजे अन्दाजी ५५ देखि ६० वर्ष उमेरका तराई मूलका जस्ता देखिने एक पुरुष मृत अवस्थामा फेला परेका हुन्।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बर्दिवासबाट खटिएको प्रहरी टोलीले घटनास्थलको निरीक्षण, शव जाँच तथा मुचुल्का तयार गर्ने कार्य सम्पन्न गरेको छ। हाल शवलाई बर्दिवास अस्पतालको शवगृहमा राखिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मृतकको हालसम्म पहिचान खुल्न सकेको छैन। मृतकको सनाखत वा पहिचान गर्न सक्ने व्यक्तिले नजिकको प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय महोत्तरीको फोन नम्बर ९८५४०३२४५५, ९८५४०३००९९, वा १०० नम्बरमा तथा इलाका प्रहरी कार्यालय बर्दिवासको ९८५४०९००६६ वा ९८५४०२१०१६ नम्बरमा सम्पर्क गरी जानकारी गराइदिन प्रहरीले अनुरोध गरेको छ।

# मधेस प्रदेश सरकारको बजेट पारित हुने बाटो खल्यो




**खबर दर्पण समाचारदाता**

**असार ३० गते, बर्दिवास**

राजनीतिक विवादले लामो समयदेखि रोकिएको मधेस प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यदलको प्रतिवेदनपछि पारित हुने बाटो खुलेको छ।

उत्पन्न राजनीतिक विवाद समाधान गर्ने उद्देश्यले गठित प्रदेश सभा विशेष कार्यदलले तयार पारेको १० बुँदे प्रतिवेदन मंगलबार प्रदेश सभाको बैठकमा पेस भएको छ। उक्त प्रतिवेदन कार्यान्वयन गर्ने अर्थमन्त्री युवराज भट्टराईको प्रतिबद्धतापछि बजेट पारित गर्ने बाटो खुलेको हो।

कार्यदलले बजेट कार्यान्वयन, बहुवर्षीय योजना व्यवस्थापन, स्थानीय तहलाई वित्तीय हस्तान्तरण तथा विवादित कार्यक्रमहरूको व्यवस्थापन सम्बन्धी विभिन्न सुझावसहितको प्रतिवेदन प्रदेश सभामा पेस गरेका हुन्। सो प्रतिवेदन सर्वसम्मतिले पारित पनि भएको छ।

कार्यदलका सदस्य तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद उपेन्द्र महतोले प्रतिवेदन प्रस्तुत गर्दै बजेट पुस्तिकामा देखिएका केही कमजोरी सुधार गर्दै कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यसहितका बुँदाहरू समेटिएको बताए।

आगामी आर्थिक वर्ष ०८३/०८४ को वार्षिक बजेट पुस्तिकामा मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार विकास तथा निर्माण योजनाहरू सम्बन्धित जिल्लामा रहेका मन्त्रालयका इकाइमार्फत कार्यान्वयन गरिने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा भनिएको छ।

यस्तै, स्रोत सुनिश्चित भइसकेका बहुवर्षीय योजनाहरूको नियमन तथा नियन्त्रण अर्थ तथा प्राविधिक विज्ञहरूको समितिको प्रतिवेदनका आधारमा गर्ने व्यवस्था मिलाउनुपर्ने, स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत उपलब्ध गराइने विशेष अनुदानमा समावेश गरिएको पोषणयुक्त आहार वितरणजस्ता कार्यक्रम तत्कालका लागि स्थगन गरी स्थानीय तहको आवश्यकता र मागका आधारमा अन्य शीर्षकमा बजेट उपलब्ध गराउनुपर्ने भनिएको छ।

चालु आर्थिक वर्षमा सम्पन्न भइसके पनि भुक्तानी हुन बाँकी रहेका योजनाहरूको रकम आगामी आर्थिक वर्षको बजेटबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने सुझावसमेत कार्यदलले दिएको छ भने स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बढीमा पाँच किस्तामा बुझाउन सक्ने व्यवस्था गरी त्यसका आधारमा प्रदेश सरकारले दिने अनुदान उपलब्ध गराउनुपर्ने भनिएको छ।

उक्त प्रतिवेदनमा प्रदेशका सिरहा र धनुषा जिल्ला जोड्ने कमला पुल निर्माण योजनालाई प्राथमिकता दिँदै आगामी आर्थिक वर्षमा आवश्यक बजेट थप गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने भनेको छ।

बजेट कार्यान्वयनमा देखिएका प्रशासनिक, प्राविधिक तथा वित्तीय समस्याको समाधान गर्ने उद्देश्यका १० वटा सुझाव प्रतिवेदनमा समेटिएको छ।


बजेटको विषयलाई लिएर प्रतिपक्षी दलहरु जसपा नेपाल, जनमत पार्टी र राप्रपा नेपालले असार १४ गतेदेखि नियमित रुपमा प्रदेश सभा बैठक अवरुद्ध गर्दै आएका थिए। उनीहरुले बजेट वितरणमा असन्तुलन भएको, योजना छनोटमा राजनीतिक विभेद गरिएको र छलफल नगरी बजेट ल्याइएको आरोप लगाउँदै थिए।

कार्यदलको प्रतिवेदन प्रदेश सभामा पेश भएसँगै प्रदेश सरकारले त्यसमा समेटिएका सुझावहरूको अध्ययन गरी बजेट कार्यान्वयन तथा आवश्यक संशोधनका विषयमा निर्णय गर्ने अर्थमन्त्री भट्टराईले जानकारी दिए। उनले कार्यदलले पेस गरेको प्रतिवेदनलाई विनियोजन विधेयकको अंग बनाउन सहमत रहेको बताए।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सूचनाको हक : लोकतन्त्रको मेरुदण्ड



डा. लक्ष्मणदत्त पन्त



राज्यका नीति र योजना, सार्वजनिक खर्च र सेवा प्रवाह तथा सार्वजनिक निकायको कार्यसम्पादनसम्बन्धी सूचना नागरिकको पहुँचमा रहँदा मात्र लोकतन्त्र बलियो हुन्छ । सूचना नागरिकलाई केवल राज्यका कामकारबाहीबारे जानकारी दिने साधनका रूपमा मात्र होइन, शासनमा सहभागिता बढाउने, सार्वजनिक निकायलाई जवाफदेही बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने तथा सार्वजनिक स्रोतसाधनको सदुपयोग सुनिश्चित गर्ने प्रभावकारी माध्यमका रूपमा लिइनु पर्छ । भ्रस्ष्टाचार र राज्यका साधनस्रोतको दुरुपयोग अन्त्यका लागि सूचनाको हकलाई नागरिक सशक्तीकरण र सचेतना दुवैका लागि उपयोग गर्नु वाञ्छनीय छ ।

सबै खाले सूचना पूर्ण रूपमा खुला हुनु पर्छ भन्ने धारणा व्यावहारिक र कानुनी दुवै दृष्टिले उपयुक्त नहुने सन्दर्भमा देशको सार्वभौमिकता, राष्ट्रिय सुरक्षा, कूटनीतिक सम्बन्ध, गुप्तचर संयन्त्र, संवेदनशील पूर्वाधार तथा नागरिकको व्यक्तिगत गोपनीयतासँग सम्बन्धित सूचना अनियन्त्रित रूपमा सार्वजनिक गर्दा राष्ट्रिय हितमा प्रतिकूल असर पर्न सक्ने विषयमा राज्य र नागरिक संवेदनशील हुनु आवश्यक छ । मानव अधिकारका विश्वव्यापी मान्यतामा अडिग लोकतान्त्रिक शासनप्रणालीको मुख्य चुनौती सूचनालाई लुकाउनु वा सबै सूचना खुला गर्नु नभएर, नागरिकको थाहा पाउने अधिकार र राज्यले संरक्षण गर्नुपर्ने संवेदनशील सूचनाबिच सन्तुलन कायम गर्नु हो ।

नेपालको संविधानले धारा २७ मा सूचनाको हकलाई सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई सार्वजनिक महत्वका विषयमा सार्वजनिक निकायसँग सूचना माग्ने र प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । यस प्रावधानले राज्यको स्वामित्वमा रहेको सूचना नागरिकको सम्पत्ति हो भन्ने लोकतान्त्रिक मान्यतालाई स्थापित गर्दै एकातिर सार्वजनिक निकायलाई सूचना उपलब्ध गराउने दायित्व तोकेको छ । यसै गरी राज्यका निर्णय प्रक्रिया पारदर्शी बनाउन र राज्यप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । सार्वजनिक हितमा आवश्यक नभई राष्ट्रिय सुरक्षा, सार्वभौमिकता, न्यायिक प्रक्रिया, व्यक्तिगत गोपनीयता वा अन्य कानुनी रूपमा संरक्षित हितमा प्रत्यक्ष क्षति पुग्ने सूचना सार्वजनिक गर्न राज्य बाध्य नहुने विषय सबैले बुझ्नु पर्छ । संविधानमा उल्लेख सूचनाको हकले पारदर्शिता र गोपनीयतालाई एकअर्काका विरोधी अवधारणा नभई पूरक सिद्धान्तका रूपमा स्वीकार गरेको देखिन्छ ।

लोकतान्त्रिक शासनप्रणालीमा सूचना सार्वजनिक गर्ने रणनीति जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण संवेदनशील र गोप्य सूचनाको संरक्षण । सूचनाको हकको अर्थ राज्यसँग रहेका सबै प्रकारका सूचना बिनाकुनै सीमा सार्वजनिक गर्नु पर्छ भन्ने होइन । लोकतन्त्रमा पारदर्शिता र गोपनीयता परस्पर पूरक सिद्धान्त भएकाले सूचना व्यवस्थापनको मूल आधार 'अधिकतम खुलापन र न्यूनतम आवश्यक गोपनीयता' हुनु पर्छ ।

## मानव अधिकारमा सूचनाको हक

नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरिसकेको विषय पनि उत्तिकै सान्दर्भिक छ । यस महासन्धिको धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रदान गर्दै सूचना माग्ने, प्राप्त गर्ने र सम्प्रेषण गर्ने स्वतन्त्रतालाई मानव अधिकारका रूपमा स्थापित गरेको छ । यस महासन्धिको धारा १९ ले सूचना कुनै पनि माध्यमबाट, सीमाको परवाह नगरी आदानप्रदान गर्न सकिने अधिकारको संरक्षण गरेको भए पनि यस स्वतन्त्रतालाई पूर्ण रूपमा असीमित बनाएको भने छैन । यस अधिकारसँग जिम्मेवारी पनि जोड्दै सूचना प्रवाहमा लगाइने कुनै पनि प्रतिबन्ध कानुनद्वारा निर्धारित, आवश्यक तथा अनुपातिक हुनुपर्ने व्यवस्था गरेको छ । राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, सार्वजनिक स्वास्थ्य, सार्वजनिक नैतिकता तथा अन्य व्यक्तिको अधिकार र प्रतिष्ठाको संरक्षणका लागि मात्र सीमित अवस्थामा सूचना प्रवाहमा कानुनी प्रतिबन्ध लगाउन सकिन्छ । यसले अन्तर्राष्ट्रिय समुदायले पनि पार दर्शिता र राष्ट्रिय हितबिच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता स्वीकार गरेको स्पष्ट हुन्छ ।

नेपालमा सूचनाको हकसम्बन्धी कानुनी संरक्षण बलियो भए पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । देशभरिका अधिकतम सार्वजनिक निकायमा सूचनालाई अझै पनि अधिकार का रूपमा होइन, प्रशासनिक विवेकका रूपमा हेरिने प्रवृत्ति कायम छ । कतिपय अवस्थामा सार्वजनिक गरिनुपर्ने सूचना गोप्य राखिन्छ भने सार्वजनिक गर्न नहुने संवेदनशील सूचनाको व्यवस्थापनसमेत विवेकपूर्ण देखिँदैन । फलस्वरूप यसले सार्वजनिक निकायको पारदर्शितामा अवरोध सिर्जना गर्दै राष्ट्रिय हितसँग सम्बन्धित सूचनाको संरक्षणमा समेत बाधा उत्पन्न गरेको छ ।

## सुशासनको सवाल

सूचनाको हकको मूल लक्ष्य राज्यका संवेदनशील विषय सार्वजनिक गर्नु होइन, बरु सार्वजनिक निर्णयलाई पारदर्शी बनाउनु हो । सरकारले बजेट कहाँ खर्च गऱ्यो, विकास आयोजना किन ढिला भए, सार्वजनिक खरिद प्रक्रिया कसरी सम्पन्न भयो, सामाजिक सुरक्षा कार्यक्रम कसरी सञ्चालन भए, शिक्षा, स्वास्थ्य, रोजगारी, लैङ्गिक समानता, महिला तथा अल्पसङ्ख्यकको अधिकार, समावेशीकरण, सहभागितामूलक विकासमा राज्यले के उपलब्धि हासिल गऱ्यो, स्थानीय सरकारले सार्वजनिक स्रोत कसरी परिचालन गरिरहेको छ जस्ता विषयमा नागरिकले सरल तरिकाबाट सूचना पाउनु पर्छ ।

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# धनुषामा अवैध रूपमा भित्र्याइएको काजु र चिनी बरामद



**खबर दर्पण समाचारदाता**

**असार ३० गते, जनकपुरधाम**

सशस्त्र प्रहरी बल, नेपालले धनुषामा अवैध रूपमा भित्र्याइएको लाखौं मूल्य बराबरको काजु र चिनी बरामद गरेको छ ।

मङ्गलवार सशस्त्र प्रहरीको गस्ती टोलीले विशेष सूचनाका आधारमा ट्रकमा लोड गरिएको अवस्थामा ३६ बोरा (एक हजार ८० किलो) काजु र ४२० बोरा नेपाली चिनी बरामद गरेको हो । बरामद गरिएको काजुको बजार मूल्य १० लाख ८० हजार रुपियाँ रहेको र चिनीका बारेमा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको भन्सार कार्यालय जनकपुरधामका प्रमुख मानबहादुर पौडेलले जानकारी दिनुभयो । सशस्त्र प्रहरीले अवैध सामग्रीसहित बा. प्र. ०६-००१ख.-०३६४ नम्बरको ट्रकलाई समेत नियन्त्रणमा लिएको छ । भन्सार कार्यालयका अनुसार ट्रकसहित नियन्त्रणमा लिइएका कुल सामग्रीको मूल्याङ्कन ४५ लाख ८० हजार रुपियाँ कायम गरिएको छ । सामान र ट्रक बरामद गरी चालकलाई समेत नियन्त्रणमा लिइएको तथा यस सम्बन्धमा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको भन्सार कार्यालय जनकपुरधामले जनाएको छ ।

# गृहमन्त्रीको निःशुल्क प्रवेश आदेशको विरोधमा जनकपुरधामको विवाह मण्डप र संग्रहालयमा ताला

**खबर दर्पण समाचारदाता**

**असार ३० गते, जनकपुरधाम**

जनकपुरधामस्थित ऐतिहासिक विवाह मण्डप र जानकी मन्दिर परिसरभित्र रहेको संग्रहालय (म्युजियम) मंगलबार बन्द गरिएको छ ।

मधेश प्रदेशका गृहमन्त्री फकीर ा महतोले सम्बन्धित प्रशासनसँग कुनै परामर्श नगरी दुवै स्थलमा निःशुल्क प्रवेश लागू गर्न निर्देशन दिएको भन्दै विरोधस्वरूप विवाह मण्डप तथा संग्रहालय प्रशासनले ताला लगाएका हुन् ।




प्रशासनका अनुसार प्रवेश शुल्क हटाउने निर्णय एकपक्षीय रूपमा गरिएको र त्यसबाट संस्थाको दैनिक सञ्चालन तथा व्यवस्थापनमा प्रत्यक्ष असर पर्ने भएकाले विरोधस्वरूप सेवा बन्द गरिएको हो ।

उनीहरूले सम्बन्धित पक्षसँग आवश्यक छलफल र सहमति बिना गरिएको निर्णय स्वीकार्य नहुने बताएका छन् ।

विवाह मण्डप र संग्रहालय बन्द भएपछि अवलोकनका लागि पुगेका आन्तरिक तथा बाह्य पर्यटक तथा दर्शनार्थीहरू प्रभावित भएका छन् । प्रवेशद्वारमा ताला लगाइएपछि उनीहरू फर्किन बाध्य भएका छन् ।

यस विषयमा गृहमन्त्री महतो वा प्रदेश सरकारको आधिकारिक धारणा भने सार्वजनिक भएको छैन । प्रशासनले वार्ता र सहमतिका आधारमा समाधान ननिस्किएसम्म आन्दोलनका थप कार्यक्रम घोषणा गर्न सकिने जनाएको छ ।

जनकपुरधामको विवाह मण्डप र जानकी मन्दिर परिसरस्थित संग्रहालय धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण पर्यटकीय सम्पदा मानिन्छन् । यहाँ दैनिक रूपमा स्वदेशी तथा विदेशी पर्यटकको उल्लेख्य आवागमन हुने गर्दछ ।

# मधेशका पूर्वप्रदेश प्रमुख अहिराज बलात्कार मुद्दामा दोषी ठहर

**खबर दर्पण समाचारदाता**

**असार ३० गते, बर्दिवास**

मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख राजेश अहिराज बलात्कार मुद्दामा दोषी ठहर भएका छन् ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले मंगलबार उनलाई बलात्कार मुद्दामा दोषी ठहर गर्ने फैसला सुनाएको हो ।

अदालतले सजाय निर्धारणका लागि बिहीबार पेसी तोकेको छ ।

यसअघि, काठमाडौं जिल्ला अदालतका न्यायाधीश पिताम्बर शर्माको इजलासले २०८२ साल साउनमा अहिराजलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । त्यसयता उनी थुनामै रही मुद्दाको सुनुवाइ भइरहेको थियो ।

अदालतले दोषी ठहर गरिसके पनि उनले कति वर्ष कैद तथा अन्य सजाय पाउने भन्ने विषय भने सजाय निर्धारण हुने बिहीबारको इजलासबाट टुंगो लाग्नेछ ।

# सूचनाको हक : लोकतन्त्रको.............

यस्ता सूचनाले नागरिकलाई सरकारमाथि निगरानी राख्न, सार्वजनिक नीति सुधारका लागि सुझाव दिन र लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउन सक्षम बनाउँछ । सूचनाको हकलाई कानुनी अधिकारका रूपमा मात्र होइन, सुशासनको आधारभूत उपकरणका रूपमा बुझ्न आवश्यक छ । यसका लागि सूचना चाहिने नागरिक, सूचना उपलब्ध गराउने सार्वजनिक निकाय, सूचना सम्प्रेषण गर्ने सञ्चार माध्यम, पारदर्शिताको पक्षमा वकालत गर्ने नागरिक समाज तथा सूचनासम्बन्धी विवादको निष्पक्ष समाधान गर्ने राष्ट्रिय सूचना आयोगलगायतका संस्थाले हातेमालो गर्नुको विकल्प छैन ।

राष्ट्र, समाज वा व्यक्तिको वैध हितमा प्रत्यक्ष र गम्भीर क्षति पुग्ने सम्भावना भएका सूचनालाई संवेदनशील सूचनाका रूपमा लिन सकिन्छ । उदाहरणका लागि राष्ट्रिय सुरक्षा रणनीति, सेना परिचालन योजना, गुप्तचर निकायका गतिविधि, सीमा सुरक्षासम्बन्धी संवेदनशील विवरण, साइबर सुरक्षाका सवाल, सङ्गठित अपराध नियन्त्रणसम्बन्धी कार्ययोजना, अत्यावश्यक पूर्वाधारको सुरक्षा प्रणाली, गोप्य कूटनीतिक वार्ता, चलिरहेका अनुसन्धानका प्रमाण तथा व्यक्तिगत गोपनीयतासँग सम्बन्धित सूचनाको गोपनीयता राज्यको स्वार्थका लागि मात्र नभएर समग्र जनहितको संरक्षणका लागि आवश्यक हुन सक्छ । यस्ता सूचना अनधिकृत रूपले सार्वजनिक गर्दा राज्य र नागरिक दुवै जोखिममा पर्न सक्छन् ।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायसँग रहेका धेरै जसो सूचना नागरिकलाई उपलब्ध गराउनुपर्ने दायित्वबोध गराउँदै सबै खाले सूचना गोप्य राख्न मिल्ने व्यवस्था गरेको छैन । बजेट र विकास आयोजना, सार्वजनिक खरिद, वातावरणीय प्रभाव मूल्याङ्कन, स्थानीय तहका निर्णय, सार्वजनिक सेवा प्रवाह, कर्मचारी नियुक्तिको प्रक्रिया, सामाजिक सुरक्षा कार्यक्रम, स्वास्थ्य तथा शिक्षासम्बन्धी सेवा, विपत् व्यवस्थापन, राहत वितरण तथा सार्वजनिक स्रोतको उपयोग जस्ता विषय सामान्यतया सार्वजनिक हुनुपर्ने सूचना हुन् । यस्ता सूचना सार्वजनिक संस्थाबाटै सक्रिय रूपमा सार्वजनिक हुँदा नागरिकले छुट्टै निवेदन दिएर सूचना माग्नुपर्ने बाध्यता पनि कम हुन्छ । सार्वजनिक निकायले आफ्ना नीति, निर्णय, बजेट, खर्च, सम्झौता, वार्षिक प्रतिवेदन तथा सेवासम्बन्धी विवरणलगायतका सूचना नियमित रूपमा आधिकारिक सामाजिक सञ्जाल, वेबसाइट, डिजिटल पोर्टलबाट उपलब्ध गराए पारदर्शिता बढ्नुका साथै सूचना माग्ने प्रक्रिया सरल भई भ्रम फैलिने सम्भावना पनि घट्छ । अर्कातिर सूचना लुकाउने प्रवृत्तिले भ्रामक सूचना फैलिन सहयोग गर्छ । गोपनीयता राष्ट्रिय सुरक्षा, न्याय, कूटनीतिक सम्बन्ध र व्यक्तिगत अधिकारको संरक्षण गर्ने माध्यम भएकाले वास्तविक सार्वजनिक हितको संरक्षण भए मात्रै गोपनीयताको औचित्य रहन्छ । त्यसै गरी पारदर्शिता नागरिकलाई राज्यका निर्णयबारे विश्वसनीय सूचना उपलब्ध गराउने माध्यम भएकाले यी दुईबिच सन्तुलन कायम गर्न सकियो भने मात्र नागरिकले सूचनाको हकको सही उपभोग गर्न सक्छन् । यस सन्तुलनलाई संस्थागत रूपमा कार्यान्वयन गर्न कानुनी स्पष्टता, सक्षम सार्वजनिक संस्था, दक्ष सूचना अधिकारी, सुरक्षित अभिलेख व्यवस्थापन र स्वतन्त्र नागरिक निगरानी आवश्यक छ ।

नागरिकले सूचना प्राप्त गर्नु मात्र सबथोक होइन, प्राप्त सूचनाको जिम्मेवारीपूर्वक उपयोग गर्नु पनि उत्तिकै महत्वपूर्ण भएकाले सार्वजनिक निकायबाट प्राप्त सूचनालाई सन्दर्भबाट अलग गरी गलत अर्थ लगाउने, अपुष्ट दाबी गर्ने वा समाजमा भ्रम सिर्जना गर्ने उद्देश्यले प्रयोग गर्नु हुँदैन । सूचनाको हक मूलतः सीमान्तकृत, विपन्न तथा वञ्चित समुदायका लागि सामाजिक सशक्तीकरण र राजनीतिक मूलप्रवाहीकरणको प्रभावकारी माध्यम बन्न सक्छ । देशभर थुप्रै नागरिक अहिले पनि राज्यले उपलब्ध गराएका सेवा, सुविधा र आफ्नो मौलिक हकबारे अनभिज्ञ छन् । ग्रामीण क्षेत्र, दुर्गम बस्ती, मधेशी र दलित समुदाय, आदिवासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा कमजोर वर्गका नागरिक सूचना सचेतनाको अभावमा रोजगारी, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, शिक्षा र भूमि अधिकार , कृषि अनुदान, छात्रवृत्ति, विपत् राहत तथा विकास योजनाबाट वञ्चित हुँदै आएका छन् ।

नागरिकले सूचनासम्बन्धी हकको जिम्मेवारीपूर्वक प्रयोग, सार्वजनिक निकायले सूचना पारदर्शिता, सञ्चारमाध्यमद्वारा तथ्यमा आधारित पत्रकारितालाई प्राथमिकता, नियामक निकायले पारदर्शिता तथा गोपनीयताबिच सन्तुलन कायम गर्न सके मात्र स्वस्थ सूचना चक्र स्थापना हुन सक्छ ।

## सूचना शासनका लागि आयोग

सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने संवैधानिक संरचना प्रचलनमा भए पनि यसको सफल कार्यान्वयन संस्थागत क्षमता, राजनीतिक प्रतिबद्धता र नागरिक चेतनामाथि भर पर्दछ । राष्ट्रिय सूचना आयोगलाई केवल सूचना नदिएको विषयमा उजुरी सुनुवाइ गर्ने निकायका रूपमा मात्र सीमित नराखी परिवर्तित राजनीतिक सन्दर्भमा सुशासनका लागि बढ्दो नागरिक माग, बदलिँदो सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता, सामाजिक सञ्जाल, साइबर सुरक्षा र भ्रामक सूचनाको तीव्र विस्तारलाई दृष्टिगत गर्दै नेपालको समग्र सूचना शासनलाई मार्गदर्शन गर्ने अग्रणी संस्थाका रूपमा स्थापित गरिनु आवश्यक छ ।

सूचनाको हकलाई केवल कानुनी अधिकारका रूपमा सीमित नराखी सुशासन, सामाजिक न्याय, उत्तरदायित्व र लोकतान्त्रिक सहभागिताको मेरुदण्डका रूपमा अभ्यास गरिनु पर्दछ । नागरिकले सूचनाको हकलाई जिम्मेवारीपूर्वक प्रयोग गर्ने, सार्वजनिक निकायले अधिकतम सूचना स्वप्रकाशन र संवेदनशील सूचनाको कानुनसम्मत संरक्षण गर्ने, राष्ट्रिय सूचना आयोगले प्रभावकारी नियमन र जनचेतना विस्तार गर्न सके मात्र यस संयन्त्रले सुशासनमार्फत समृद्धिको बाटो तय गर्न सक्दछ ।-गोरखापत्र

# बलात्कार मुद्दामा दोषी ठहरलाई एचआईभी पोजेटिभ देखिएपछि थप सजाय




**खबर दर्पण समाचारदाता**
**असार ३० गते, जनकपुरधाम**

१७ वर्षीया एक किशोरीलाई बलात्कार गरेको आरोपमा दोषी ठहर एक व्यक्ति एचआईभी पोजेटिभ देखिएपछि थप सजाय भएको छ।

जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रहरीसमेत रहेका २२ वर्षीय ति युवकलाई जिल्ला अदालत धनुषाले तोकिएको सजायभन्दा दुईवर्ष बढी कैद र थप जरिवानाको आदेश गरेको हो।

न्यायाधीश कपिलमणि गौतमको इजलासले एचआईभी संक्रमित समेत रहेका प्रतिवादी नगर प्रहरीलाई अपराध अनुसार तोकिएको ११ वर्ष र थप दुई वर्ष गरी १३ वर्ष कैदको फैसला सुनाएको हो।

जनकपुरधामस्थित एक निजी विद्यालयबाट सर्टिफिकेट लिन आएकी ती बालिकालाई ललाई-फकाई युवकले कोठामा लगी जबरजस्ती करणी गरेको भन्दै पीडितका परिवारले मुद्दा दर्ता गरेका थिए।

सो मुद्दामा गत जेठ २५ गते धनुषा जिल्ला अदालतले युवकलाई दोषी ठहर गरेको थियो भने जेठ २९ मा सजाय निर्धारण गरेको थियो।

घटना हुनुभन्दा करिब १५ दिन अगाडिमात्र पीडित किशोरी र प्रतिवादी नगरप्रहरीबीच चिनजान भएको थियो। पीडितले दिएको बयान अनुसार हजुर बुवाको उपचारको लागि अस्पतालमा गएकोमा नगर प्रहरीसँग चिनजान भएको थियो। हजुरबुवाको रिपोर्ट छिटो मगाइ दिनेभन्दै उनले किशोरीको मोबाइल नम्बर लिएका थिए। नम्बर आदानप्रदानपछि दुवै जनाबीच ह्वाट्सएप मार्फत संवाद गर्दै नजिकिएका थिए।

सर्टिफिकेट लिन जनकपुर आएकोबेला ललाई-फकाई अजन्ता होटेलको कोठामा पुऱ्याइ डर त्रास देखाएर इच्छा विपरित पटक-पटक जबरजस्ती करणी गरेको र कसैलाई भनेमा नाङ्गो फोटो सार्वजनिक गरिदिने धम्की दिएका पीडितको भनाई छ।

२०८१ असोज ८ गते पुनः प्रतिवादीले डर त्रास देखाई आफ्ना साथीको दिदीको कोठामा लगेर जबरजस्ती करणी गर्दा अत्याधिक रक्तश्राव भएको पीडितले बताएकी छिन्।

प्रतिवादी विदेश जान खोजेकोमा स्वास्थ्य परीक्षण गर्दा एचआईभी संक्रमित रहेको पुष्टि भएको थियो। प्रतिवादीले गरेको बयान, पीडितको कागज बकपत्र र स्वास्थ्य परिक्षण प्रतिवेदनले जबर जस्ती करणी भएको दाबीलाई पुष्टि भएको अदालतको फैसलामा भनिएको छ। प्रतिवादी समेतले आफू एचआईभी पोजेटिभ रहेको बयानमा स्वीकार गरेको फैसलामा भनिएको छ।

अदालतले प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३) (घ) अनुसार ११ वर्ष कैद र पाँच लाख रुपैयाँ पीडित राहत कोषमा जम्मा गराउन तथा एचआईभी संक्रमित रहेका कारण थप दुई वर्ष कैद र २० हजार जरिवाना सजाय निर्धारण गरेको हो।

त्यसैगरि अदालतले पीडितलाई कोषमा जम्मा भएको ५ लाख र थप मनासिब माफिकको क्षतिपूर्ति १ लाख मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को कार्यविधि अवलम्बन गरी प्रतिवादीबाट पीडितलाई तुरुन्त भराई दिन फैसलामा भनिएको छ।

# उखु किसानलाई २० करोड भन्दा बढी अनुदान

**खबर दर्पण समाचारदाता**
**असार ३० गते, बर्दिवास**

सरकारले चालु आर्थिक वर्षभित्रै महोत्तरीका उखु किसानको खातामा २० करोड रुपियाँभन्दा बढी अनुदान रकम निकासा गरेको छ। विगतका वर्षमा दसैं-तिहारपछि मात्र वितरण हुँदै आएको अनुदान यस वर्ष असार भित्रै उपलब्ध गराइएपछि किसानले सरकारको कदमलाई सकारात्मक रूपमा लिएका छन्। कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) महोत्तरी का अनुसार जिल्ला उखु अनुदान भुक्तानी समितिको सिफारिसमा रामनगरस्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिज र गौशाला-१२ स्थित सिद्धिविनायक सुगर मिलले चालु क्रसिङ सिजन (२०८२/८३) मा खरिद गरेको २८ लाख ६७ हजार ९८७ क्विन्टल उखुको आधारमा प्रतिक्विन्टल ७० रुपियाँका दर ले अनुदान रकम पठाइएको हो। एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले ११ हजार ८१८ किसानबाट २८ लाख ५३ हजार १७९ क्विन्टल उखु खरिद गरेको छ भने सिद्धिविनायक सुगर मिलले २१४ किसानबाट १४ हजार ८०८ क्विन्टल उखु खरिद गरेको जनाएको छ। दुवै उद्योगले खरिद गरेको उखुको आधारमा कुल १२ हजार ३२ जना किसानलाई अनुदान उपलब्ध गराइएको कोलेनिकाले जनाएको छ।

कोलेनिकाका लेखापाल सुमन राउतका अनुसार कृषि विभागबाट असार दोस्रो सातामा अनुदान रकम प्राप्त भएपछि असार २५ गतेभित्र अधिकांश किसानको खातामा विद्युतीय माध्यम (ईएफटी) मार्फत रकम पठाइएको हो। एभरेस्ट सुगरसँग आबद्ध किसानका लागि करिब १९ करोड ९७ लाख रुपियाँ तथा सिद्धिविनायक सुगर मिलसँग आबद्ध किसानका लागि १० लाख ३६ हजार रुपियाँ भुक्तानी गरिएको उहाँले जानकारी दिनुभयो।

राउतका अनुसार अधिकांश किसानका १३ वटा बैंकमा रहेका खातामा ईएफटीमार्फत सिधै रकम जम्मा गरिएको छ। रावा बैंक र सिटिजन बैंकका केही खातामा विवरण अपुरो वा अंक नमिलेका कारण प्रत्यक्ष भुक्तानी हुन नसकेकाले सम्बन्धित बैंकमा रकमसहित विवरण पठाइएको छ। ती खातामा पनि असार मसान्तभित्रै रकम जम्मा हुने उहाँले बताउनुभयो।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा उखुमा दिइँदै आएको अनुदान प्रतिक्विन्टल ७० रुपियाँबाट घटाएर ३५ रुपियाँ कायम गरेपछि किसान आन्दोलनमा उत्रिएका थिए। त्यसपछि उखु उत्पादक महासंघ र तत्कालीन सरकारबिच भएको सहमतिअनुसार अनुदान दर पुनः ७० रुपियाँ कायम गरिएको उखु उत्पादक महासंघका केन्द्रीय सदस्य महाशंकर थिङले बताउनुभयो।

उहाँले उखु उत्पादक महासंघ र तत्कालीन सरकारबिच भएको सहमतिअनुसार अनुदान रकम पुनः ७० रुपियाँ कायम गरी चालु क्रसिङ सिजनभित्रै निकासा गर्ने निर्णय वर्तमान सरकारले कार्यान्वयन गर्नु सकारात्मक भएको बताउनुभयो।

"समयमै भुक्तानी र ७० रुपियाँ अनुदान सकारात्मक छ। सरकारको यो कदमले कृषकको मागअनुसार उखुको नयाँ समर्थन मूल्य निर्धारण हुने अपेक्षा जगाएको छ," उहाँले भन्नुभयो।

बजार मूल्य र उत्पादन लागतबिचको असन्तुलनलाई वैज्ञानिक रूपमा मूल्यांकन गरी सरकारले उखु समस्याको दीर्घकालीन समाधान गर्नुपर्ने उहाँको भनाइ छ।

यद्यपि, चालु क्रसिङ सिजन २०८२/८३ का लागि किसानले प्रतिक्विन्टल ७५० रुपियाँ समर्थन मूल्य माग गरे पनि सरकारले ६२० रुपियाँ मात्र निर्धारण गरेकाले त्यसप्रति किसानको असन्तुष्टि कायमै रहेको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७३।०४।१७ मा दर्ता भएको प्रा.लि.नं.१५२९९३ भएको नेवा स्नुकर हाउस एण्ड खाजाघर (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०३।०२ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,